# बालबालिका बेचबिखन सम्बन्धि ऐच्छिक उपलेख सम्बन्धमा बालबालिका तथा किशोर किशोरी को बुझाई अभिबृदी गर्न

बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण (ओ पि यस सि) सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेख

# बालबालिका बेचबिखनका लागि होइनन र उनीहरुलाई यौन शोषणबाट संरक्षण गर्नु पर्दछ

बालबालिका तथा किशोर किशोरी बेचबिखनमा नपर्ने, बाल बेश्यावृत्ति नहुने, र बालबालिकाको अस्लिल चित्रण नगर्ने कुराको सुनिस्चित गर्न देशहरुले के गर्नु पर्दछ

## आभार

यो पुस्तक तयार गर्न सहयोग तथा योगदान गर्ने सबैजना महानुभावहरुप्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौ | हामी सबै बालबालिका तथा किशोर किशोरी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ जसले: यो पुस्तकको मस्यौदा पुनराबलोकन गर्ने, भाषा परिस्कृत गर्ने, र पुस्तक प्रकाशनको लागि दिग्दर्शन गर्ने खासगरी नेपाल स्थित सिविन का किशोर किशोरी समूह का बालबालिका- मिलिजुली, युथ सेफ; बालबालिकाको आवाज; हातेमालो; केटाकेटी होम; यस ओ यस बाल ग्राम; के के टि; सिविन; इ सि पि ए टि; तथा राइट्स अफ योङ्ग फाउनडेसन का बालबालिकाको समूह र युगान्डा (Uganda) का दौतरी सहयोगी समूह तथा जमैका (Jamaica) स्थित बाल विकास एजेन्सीका बालबालिका |

पुस्तकको कार्यस्थल परिक्षण गर्न बालबालिका तथा किशोर किशोरीको सहभागिता गराई सहयोग गर्नुहुने बयश्कहरु, किशोर किशोरीहरु तथा संघसंस्थाहरु: बिमल भेटवाल (इ सि पि ए टि), सुभ राज पोखरेल (सिविन), सुजन बुर्लाकोटी (कानून बिधार्थी समाज), जोनाथन स्सेम्बज्वे (Jonathan Ssembajwe) (राइट्स अफ योङ्ग फाउनडेसन), जुनिता उपाध्याय (इ सि पि ए टि अन्तराष्ट्रिय), बाल विकास एजेन्सी, नीति योजना तथा मुल्यांकन महाशाखा र केटाकेटी तथा परिवार सहयोग युनिट (जमैका)- सम्पूर्णमा हामी आभारी छौ |

हामी विभिन्न मस्यौदाहरुमा तर्कपूर्ण टिप्पणी तथा बिचारहरुको लागि हाम्रा साझेदारहरुलाई धन्यबाद ज्ञापन गर्न चाहान्छौ |

नजत मालला मजिद (Najat Maalla M'jid), बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण सम्बन्धि बिशेष समाधिक्षक

सेभ द चिल्ड्रेन (Save the Children)

प्लान इन्टरनेसनल (Plan International)

वोर्ल्ड विजन (World Vision)

इ सि पि ए टि इन्टरनेसनल (ECPAT International)

हामी आर्थिक सहयोगको लागि ओक फाउनडेसन (Oak Foundation) प्रति हार्दिक आभारी छौ |

कला निर्देशन तथा नक्शांकन प्लानेट यु का जसोन रोबिन्सोन (Jason Robinson) र चित्रण किन चेङ्ग (Qin Cheng) ले गर्नु भएको हो |

बालबालिका बिरुद्ध हुने हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघका महासचिबका विशेष प्रतिनिधिको कार्यालय
६३३-तेस्रो एभेन्यु , छैठौं तल्ला
न्यु योर्क, एन वाई १००१७
+२१२-८२४-६३२२
www.srsg.violenceagainstchildren.org
November 2011

**प्रिय पाठक बृन्द,**

संसारभर सरकार, संघ संस्था तथा मानिसहरु बाल अधिकार सुनिश्चित गर्ने र बालबालिका तथा किशोर किशोरीलाई हिंसा बाट संरक्षण गर्न प्रतिबद्ध छन् । बालबालिकाको सुरक्षीत बालापनका निमित्त पछिल्ला वर्षहरुमा धेरै महत्वपूर्ण प्रतिज्ञा तथा प्रतिबद्दताहरु भएका छन् । सबै बालबालिकाहरुले आफ्नो अधिकारको लागि यस्ता महत्वपूर्ण प्रतिबद्दताहरु बिधमान छन् भन्ने बारेमा जानकारी राख्नु र आवस्यक परेको खण्डमा यसको उधृत गर्नु पर्दछ ।

यस पुस्तकमा यस्तै अन्तरास्ट्रिय प्रतिबद्धताहरु मध्ये एक- बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण (ओ पि यस सि) सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेख को ब्याख्या गरिएको छ | ओ पि यस सि ले बालबालिका बिरुद्ध हुने यौनजन्य हिंसाको रोकथामको बारेमा के गर्न सकिन्छ र प्रभावित बालबालिकालाई कसरि सहयोग गर्न सकिन्छ भनि ब्याख्या गरेकोले यो एकदम महत्वपूर्ण छ |

ओ पि यस सि को आधिकारिक दस्ताबेजमा धेरै प्राबिधिक तथा कानुनी शब्दावलीहरु उल्लेखित छन् जुन सबै उमेरका मानिसहरुको लागि बुझ्न गार्हो हुन सक्छ (जस्तै-क्षेत्राधिकार र सुपुर्दगी) | बालबालिकाहरुको सहयोग तथा सल्लाहमा यस्ता धेरै शब्दहरुलाई हामीले यस पुस्तकमा समाबेश गरेका छौ र त्यसको ब्याख्या गरेका छौं | यस्ता शब्दावलीहरु बुझ्न गार्हो हुने भएतापनि यस बारेमा जानिराख्नु सहयोगसिद्ध हुने कुरा बालबालिकाले भनेका छन् | त्यसकारण उमेर पुगेका बालबालिका तथा किशोर किशोरीले जान्ने बुझ्ने मानिस, गुरुहरु, र समूह नेताहरु को सहयोगलिई ओ पि यस सि को यस दस्ताबेजको उपयोग गर्नु उत्तम हुनेछ |

तपाईँहरुमा धेरै जिज्ञाशाहरु छन् वा कानुनी प्रयोजनको लागि ओ पि यस सि उपयोग गर्नुछ भने हामी तपाईँहरुलाई यसको आधिकारीक र पूर्ण दस्तावेज प्रयोग गर्न सुझाव गर्दछौ (यसको लागि यस पुस्तकको अन्तमा वेब लिंक उपलब्ध छ)।

यो पुस्तकमा तपाइहरुले निम्न कुराहरुको जानकारी पाउनु हुनेछ

१. संयूक्त राष्ट्र संघ भनेको के हो ?

२. महासन्धि भनेको के हो र ऐच्छिक उपलेख भनेको के हो ?

३. ओ पि यस सि ले कसरि केहि निश्चित प्रकारका बालबालिका बिरुद्ध हुने हिंसाहरुलाई सम्बोधन गर्दछ ?

४. अन्य धेरै सहयोगी सुचनाहरु

यस पुस्तक बाट  पाएको जानकारी अन्य मानिसहरु खासगरी बालबालिका तथा  किशोर किशोरी, आफ्नो परिवार, स्कुल तथा समुदायमा बाड्न को लागि पाठकहरुलाई प्रोत्साहित गर्दछौ। हामी तपाईँहरुलाई यस बारे आफ्नो इन्टरनेट  समुदाय संग बाड्न पनि हौसला दिन्छौ । यस पुस्तक बाट प्राप्त जानकारी र हिंसा बाट आफुलाई कसरी सुरक्षित गर्ने भन्ने सम्बन्धमा आफ्ना साथीहरुमाझ छलफल गर्नुहोस् । बालबालिका तथा किशोर किशोरीको अधिकारको बारेमा काम गर्ने शिक्षक शिक्षिका, बालबच्चा हेरालु तथा बाल संरक्षण सम्बन्धि संघ  संस्थाहरु पनि यस पुस्तक बाट  लाभान्वीत हुनेछन् । यदि तपाई यस बिषयमा अझ विस्तृत जानकारी प्राप्त गर्न चाहनु हुन्छ अथवा कुनै कार्य आरम्भ  गर्न चाहनु हुन्छ  भने कृपया यस पुस्तकको अन्तमा रहेको अनुसन्धान तथा वकालत खण्ड  हेर्नुहोस् ।

ख्याल गर्नुहोस...

यस पुस्तकले खासगरी यौनजन्य हिंसा सम्बन्धि विषयमा छलफल गरेको छ | यसमा भएका विवरण पढ्न अफ्ठेरो हुनुका साथै केहि पाठकहरुले चिन्तित, दिग्दार तथा डर महसुश गर्न सक्छन | यदि यस्तो भएको खण्डमा तपाइले अन्य कोहि संग यसबारेमा कुरा गर्न सक्नुहुनेछ | आवस्यक परेको खण्डमा यस बारेमा कुरा गर्न आफुले विश्वास गर्ने र आफुलाई सहयोग गर्ने मानिसको बारेमा सोच्नुहोस | त्यस्ता व्यक्तिहरु बाबुआमा, हेरालु, गुरुगुरुआमा, सामाजिक कार्यकर्ता, दाजुभाई दिदीबहिनी हुन सक्दछन |

भवदीय,

.......................................................................................................

मार्ता सन्तोस पायस,

बालबालिका बिरुद्ध हुने हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघका महासचिबका विशेष प्रतिनिधि

**शुभारम्भ,**

यस ऐच्छिक उपलेख (ओ पि यस सि) को बारेमा छलफल गर्नु अगाडी, आउनुहोस् यस पुस्तक संग सरोकार भएका केही मुख्य शब्दावली तथा मुद्दाहरुको बारेमा बुझौं ।

**मानव अधिकार भनेको के हो ?**

मानव अधिकार प्रत्येक बालबालिकाका लागि पनि उही हुन् । केही मानव अधिकार तपाईको स्वास्थ्य तथा लालनपालन/हुर्काइ संग सरोकार राख्दछन् । उदाहरणका लागि खाना, पानी, वास, तथा आधारभुत स्वास्थ्य प्राप्त गर्ने तपाईको अधिकार । तपाईका केही मानव अधिकार तपाईलाई अरुले कसरी व्यवहार गर्नु पर्दछ भन्ने विषय संग सम्बन्धित हुन्छन् । तपाईलाई उचित व्यवहार र सम्मान प्राप्त गर्ने अधिकार हुन्छ । तपाईका केही अधिकार तपाईको हेरचाह, विकास तथा समुदायको हिस्सा हुन पाउने विषय संग सम्बन्धित हुन्छन् । शिक्षा, विचारको स्वतन्त्रता, सुचना प्राप्त गर्ने अधिकार तथा तपाई संग सरोकार राख्ने वा तपाईलाई असर गर्ने विषय संग सम्बन्धित विषयमा हुने निर्णयमा सहभागी हुन पाउने तपाईका अधिकारहरु हुन् । सबै प्रकारका हिंसाबाट संरक्षण प्राप्त गर्ने अधिकार तथा तपाई को हो र कहाँ बाट आउनुभयो भन्ने आधारमा हुने विभेद विरुद्ध समानता पनि तपाईको अधिकार हो ।

**संयुक्त राष्ट्र संघ भनेको के हो ?**

संयुक्त राष्ट्र संघ अथवा छोटकरीमा सं रा सं विभिन्न विभाग तथा शाखाहरु मिलेर बनेको अन्तराष्ट्रिय संगठन हो । यो यस्तो ठाउं हो जहाँ संसारका सबै देशहरु समस्याहरुको बारेमा छलफल गर्न सक्दछन र आफूसंग सरोकार रहने मुद्दाहरुमा सहमतिमा पुग्छन । संसार भर शान्ति र अमन चयन बनाई राख्नु सरासं को मुख्य भुमिका हुनुका साथै यसले अन्य मुद्दाहरु जस्तै बाताबरण, स्वास्थ्य, वालवालिका, महिला, तथा अपाङ्गता भएका मानिसको संरक्षण लगायत धेरै काम गर्दछ । मानव अधिकारको संवर्धन तथा प्रवर्धन गर्न सरासं ले विभिन्न कामहरु गर्दछ । यसले सन्धि, महासन्धि, उपसन्धि (आलेख,उपलेख) हरुको निर्माण गर्दछ जुन केटा, केटि, महिला, पुरुष र सम्पूर्ण ब्रह्माण्डको संरक्षण गर्ने कुरामा सरोकार राख्दछ।

**महासन्धि भनेको के हो ?**

महासन्धि भनेको केटा, केटि, महिला, पुरुष र सम्पूर्ण ब्रह्माण्डको संरक्षणगर्न सरकारहरु द्वारा निर्माण गरिएको कानुनी लिखित दस्तावेज हो । महासन्धिमा सरकारहरुले विभिन्न मुद्दाहरु (जस्तो: महिला तथा बाल अधिकार) मा गरेका प्रतिबद्धताहरुलाई सुचिकृत गरिएको हुन्छ । यस्ता प्रतिज्ञा वा प्रतिबद्धताहरु अन्तराष्ट्रिय कानुन हो र राष्ट्रहरुले यसको सम्मान गर्नु पर्दछ । यो सरकारका निमित्त सल्लाह वा सुझाव मात्र होइन ।

**बाल अधिकार सम्बन्धि महासन्धि भनेको के हो ?**

सन् १९८९ नोभेम्बर २० का दिन सरासं महासभाले बालबालिका सम्बन्धि संयूक्त राष्ट्र संघिय महासन्धि पारीत गर्यो । यसलाई सि आर सि भनेर पनि बुझिन्छ । सि आर सि ले संसारभर सबै बालबालिकाका, प्रत्येक केटा र केटिको, मानव अधिकारलाई मान्यता प्रदान गरेको छ । सि आर सि इतिहासमै सबै भन्दा धैरै राष्ट्रहरुले स्वीकार गरेको मानव अधिकार महासन्धि हो ।

**अनुमोदन भनेको के हो ?**

जब सरकारले महासन्धिलाई स्वीकार वा अनुमोदन गर्दछ, सरकारले यसलाई स्वीकार गरीएको रुपमा बुझिन्छ र सो राष्ट्रको निमित्त कानुनी दायित्वको सृजना गर्दछ । अर्को अर्थमा महासन्धिलाई 'अनुमोदन' गर्नु भनेको महासन्धिमा व्यवस्था भएका कुराहरुको कार्यान्वयन गर्ने सरकारी प्रतिबद्धता हो ।

**ऐच्छिक उपलेख भनेको के हो ?**

प्रचलित महासन्धि को पुरक खण्डको रुपमा र सरकारले सम्मान गर्नु पर्ने नयाँ प्रतिबद्धताहरु समावेश गर्न ऐच्छिक उपलेख तयार गरिन्छ । जस्तैः यौनजन्य दुर्व्यबहार बाट बालबालिकाको संरक्षण गर्न अथवा शशस्त्र द्वन्द बाट बालबालिकाको संरक्षणलाई अझ सबलीकरण गर्न । ऐच्छिक उपलेखको पनि अनुमोदन गर्नु पर्दछ र सरकारले अनुमोदन गरेपछि यो महासन्धि सरहनै लागु हुन्छ ।

उदाहरणको लागि बालअधिकार सम्बन्धि महासन्धिका तीन वटा ऐच्छिक उपलेखहरु छन् । पहिलोले सशस्त्र द्वन्द को अवस्थामा बालबालिकाको संरक्षणको सवाल सम्बोधन गर्दछ; दोस्रोले बालबालिकाको वेचविखन, यौन शोषण जस्ता सरोकारका विषयहरुको सम्बोधन गर्दछ; र तेस्रो सञ्चार कार्यविधिसंग सम्बन्धित छ र यसले बालवालिका वा तिनीहरुका प्रतिनिधिले बालअधिकार हनन को विरुद्ध कसरी उजुरी दर्ता गर्ने भन्ने विषयलाई सम्बोधन गर्दछ ।

**यस सम्बन्धमा अझै धेरै जान्न चाहनुहुन्छ ?**

यस पुस्तकमा भएका धेरै सुचनाहरु '......... के हो भन्ने स्रोत सामाग्रीबाट साभार गरिएको हो । ती क्रमबद्ध १० स्रोत सामाग्री बालबालिका तथा किशोरकिशोरी लाई संयुक्त राष्ट्र संघ को बारेमा विभिन्न जानकारी दिनको निमित्त तयार गरिएको हो । यी सबै श्रोत सामाग्रीबारे यस पुस्तकको अन्तमा इन्टरनेट लिंक उपलब्ध गराईएको छ र त्यहाँ गएर हेर्न सक्नु हुनेछ ।

**संछिप्तमा ओ पि यस सि**

अब, बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेख, छोटकरीमा ओ पि यस सि, बारेमा संक्षिप्तमा अबलोकन गरौ |

**ओ पि यस सि ले ३ प्रमुख हिंसाहरुलाई सम्बोधन गर्दछ |**

- बालबालिकाको बेचबिखन (sale of children)
- बाल बेस्याबृति (child prostitution)
- बालबालिकाको अस्लिल चित्रण (child pornography)

यस पुस्तकले यी विषयहरुमा बिस्तृत रुपमा बुझ्न तपाइलाई सहयोग गर्दछ |

**बालबालिकाको बेचबिखन**

जब पैसाको लागि अथवा अन्य कुनै प्रकारको नाफा प्राप्त गर्न (जस्तै सामान, उपहार वा अन्य कुनै प्रकारको सहायता) बालबालिकालाई बेच्नु वा कसैलाई दिनु बालबालिकाको बेचबिखन हो | ओ पि यस सि मा बालबालिकाको बेचबिखन सम्बन्धि छलफलमा विभिन्न स्वरूपमा र विभिन्न उद्देस्यले हुने बालबालिकाको बेचबिखनलाई समाबेश गरिएको छ: बलजफ्ती कामको लागि, खतरनाक कामको लागि, गैर कानुनी कामको लागि, बाल सैन्य बनाउनको लागि, नियोजित तथा अस्थाई बिबाहको लागि, यौन दुरुपयोगको लागि, यौन शोषणको लागि तथा गैर कानुनी धर्म पुत्र धर्म पुत्री बनाउनको लागि | ओ पि यस सि ले पैसाको लागि अथवा अन्य कुनै प्रकारको नाफा प्राप्त गर्न गरिने बालबालिकाको शरीरको अंग व्यापारलाई पनि समेटदछ |

कहिलेकाही बालबालिकाको बेचबिखन अन्तर्गत बेचबिखनका निमित्त गरिने ओसारपसार पनि पर्दछ | बेचबिखनका निमित्त गरिने ओसारपसार अन्तर्गत कोहि कसैलाई शोषण गर्ने प्रयोजनले श्रम, बलजफ्त बिबाह वा यौन शोषणको निमित्त एक ठाउँ बाट अर्को ठाउमा लाने कुरालाई बुझाउछ | उदाहरणको लागि, केहि मानिसहरु बालबालिकालाई उनीहरुको घर भन्दा टाढा लैजान्छन र अन्य मानिसलाई बेचिदिन्छन जसले उनीहरुलाई सडकमा माग्न वा गैर कानुनी रुपमा अन्य मानिसको घरमा वा कृषिमा (खेतीपाती) मा काम गर्न बाध्य बनाऊछ |

**बाल बेस्याबृति**

यौन का निमित्त कसैले कसैलाई पैसा, उपहार, वा प्रलोभन मा पार्दछ भने त्यो बेस्याबृति हो | त्यस्तै पैसा, खाना, लुगाफाटो, बास वा संरक्षणको नाममा बालबालिकालाई यौन दुर्व्यबहार गर्नु बाल बेस्याबृति हो | कहिलेकाही यस्ता चिज तथा प्रलोभन बालबालिकाहरुलाई सोझै दिइन्छ भने कहिलेकाही बालबालिका माथि नियन्त्रण राख्ने अन्य व्यक्तिहरुलाई दिइन्छ |

बयश्कहरुले बालबालिकालाई बेस्याबृतिमा लगाउन विभिन्न दाउ, दबाब, धम्कि तथा बलको प्रयोग गर्दछन | बेस्याबृतिको लागि बालबालिकाको शोषण बाटोघाटोमा, क्लबहरुमा, रक्सि खाने ठाउमा, होटेलहरुमा, निजि घरहरुमा, तथा स्कूलहरु लगायत विभिन्न स्थानहरुमा हुने गर्दछ |

**बालबालिकाको अस्लिल चित्रण**

बालबालिकाको अस्लिल चित्रण अन्तर्गत बालबालिकालाई यौन दुर्व्यबहार गरिएको छाया छित्र (तस्बिर तथा भिडियो), स्वरांकन, वा लिखित शब्दहरु पर्दछन | बयश्कहरु यस्ता छाया छित्र, स्वरांकन, वा लिखित शब्दहरु यौन प्रयोजनका लागि प्रयोग गर्दछन र खासगरी त्यस्ता छाया छित्रहरुमा बालबालिकाको गोप्य अंगको फोटो वा फिल्म, बयस्कले बालबालिका संग गरेको यौनजन्य क्रियाकलाप वा बालबालिकाले आफु आफु बीच गरेको यौनजन्य क्रियाकलाप समाबेस गरिएको हुन्छ | बालबालिकाको अस्लिल चित्रण बयस्कहरु माझ प्रेषित गर्ने, बेचबिखन गर्ने तथा यसको व्यापार गरिन्छ |

बालबालिकालाई यौन दुर्व्यबहार गरिएको छाया छित्र इन्टरनेटमा, मोबाइल फोनमा, फिल्महरुमा, डी भी डी मा, भिडियो तथा फोटोमा, पत्र पत्रिकामा, किताबहरुमा, कार्टुनमा र पोस्टर लगायत विभिन्न सामग्रीहरु तथा ठाउँहरुमा पाउन सकिन्छ |

**ओ पि यस सि किन महत्वपूर्ण छ?**

बाल अधिकार महासन्धिमा धेरै धारा (वा दफाहरू) छन् जसले बालबालिकालाई यौन शोषण बाट संरक्षण गर्ने बिषयलाई सम्बोधन गर्दछ | उदाहरण को लागि:

- धारा १९ ले सरकारलाई बालबालिकाहरुको उचित रुपमा हेरचाह गर्न तथा यौन दुर्ब्यबहार लगायत सबै प्रकारका हिंसा बाट संरक्षण गर्ने कुराको सुनिस्चितता गर्न आग्रह गर्दछ |
- धारा ३२ ले बालबालिकाहरुलाई जोखिम पूर्ण, अथवा उनीहरुको स्वास्थ तथा शिक्षामा प्रतिकुल हुने काममा लगाउन बाट संरक्षण प्रदान गरेको छ |
- धारा ३४ ले बालबालिकाहरुलाई 'सबै प्रकारका यौन शोषण तथा यौन दुर्ब्यबहार' बाट संरक्षण प्रदान गरेको छ |
- धारा ३५ ले सरकारलाई बालबालिकाहरु अपरहण नहुने, नबेचिने, तथा ओसार पसार मा नपर्ने कुराको सुनिस्चितता गर्न आग्रह गर्दछ |
- धारा ३९ ले सरकारलाई पिडित बालबालिकाहरुको पिडा निको पार्ने सेवा तथा सहयोगको हरेक कदममा सहयोग गर्न आग्रह गर्दछ |

ओ पि यस सि धेरै सहयोगी छ किनकि यसले बालबालिकाको बेचबिखन, बाल बेस्याबृति तथा बालबालिकाको अस्लिल चित्रण जस्ता महत्वपुर्ण समस्याहरुलाई बिस्तृत रुपमा परिभाषित तथा सम्बोधन गर्दछ | यसले पिडित बालबालिकालाई सुरिक्षित राख्न, अपराधीलाई न्यायको कठघरामा ल्याउन र बालबालिकाहरुलाई यौन हिंसा बाट संरक्षण गर्ने नीति तथा कानूनको सुधार सुनिस्चित गर्न आवस्यक कामहरु गर्ने सरकार, बिधायिका तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्था तथा मानिसहरुलाई सहयोग गर्दछ |

ओ पि यस सि अनुमोदन गर्ने सरकारहरुले बालबालिकाको बेचबिखन, बाल बेस्याबृति तथा बालबालिकाको अस्लिल चित्रण जस्ता कार्यहरुलाई धेरै गम्भीर अपराधको रुपमा लिनेछन |ओ पि यस सि यस्ता कार्यहरुलाई 'अपराधीकरण' गर्न सरकारलाई आग्रह गर्दछ |यसको मतलब यस्ता कार्यहरु देश को फौजदारी कानुन बमोजिम सजाय योग्य हुने तथा अपराधीलाई न्यायको कठघरामा ल्याउनने व्यबस्थाको सरकारले सुनिस्चित गर्नु पर्दछ |जब यस्ता घटना घट्छ, पिडित बालबालिकाले सुरक्षित महसुस गर्ने तथा के कसो भैरहेको छ भन्ने कुराको जानकारी समेत पाउने सुनिस्चितता सहित पिडितलाई सहयोग उपलब्ध हुन पर्दछ |ओ पि यस सि ले पिडित बालबालिकाको सुरक्षा कसरि गर्ने तथा कानुनी एबम अदालती प्रक्रिया मा कसरि सहयोग पुर्याउने भन्ने कुराको पनि ब्याख्या गरेको छ |

ओ पि यस सि अनुमोदन गर्ने सरकार पिडितको 'कानुनी रुपमा उत्तरदायी पक्ष बाट क्षतिपूर्ति' प्राप्त गर्ने अधिकार हुने कुरा पनि स्वीकार गर्दछ | यसको मतलब पिडित बालबालिका आफुमाथि अपराध गर्ने बिरुद्ध कानुनी प्रक्रिया अगाडी बढाऊन तथा क्षतिको क्षतिपूर्ति प्राप्त गर्न सक्षम हुनेछन | क्षतिपूर्ति पैसा वा अन्य चिजहरु (जस्तै: अस्पताल हेरचाह वा सामाजिक सहयोग) हुन सक्छ जसबाट पिडितलाई नोक्सानी बाट राहत प्राप्त गर्न अथवा निको हुन सहयोग पुग्दछ |

ओ पि यस सि सन् २००० मा संयुक्त राष्ट्र संघिय महासभाले पारित गरेको हो र सन् २००२ जनवरी १८ तारिख बाट लागु भएको हो |

**अझ धेरै जान्न चाहनु हुन्छ?**

यसमा उल्लेखित विवरण हरु ओ पि यस सि तथा इ सि पी ए टि इन्टरनेसनल का महत्वपुर्ण प्रकाशन तथा यस सम्बन्धमा बालबालिकाका तथा किसोरकिसोरी लाई बुझाउन गरिएको उनीहरुको काम बाट पनि प्रभावित छ | धेरै जानकारी तथा बाल मैत्री सामग्रीको लागि उनीहरुको वेब साइट हेर्नुहोस: http://www.ecpat.net

**बिस्तृतमा ओ पि यस सि**

अब, ओ पि यस सि लाई बिस्तृतमा हेरौ |

ओ पि यस सि मा १७ वटा विभिन्न धाराहरु छन् |

धारा १ देखि ३ मा ओ पि यस सि विकास गर्नुको मुख्य कारणहरुको उल्लेख गरिएको छ र हिंसाको मुख्य स्वरूपहरुको बारेमा ब्याख्या गरिएको छ |

**धारा १- निषेध/प्रतिबन्ध**

ओ पि यस सि मा हस्ताक्षर गर्ने सरकारहरु बालबालिकाको बेचबिखन, बाल बेस्याबृति तथा बालबालिकाको अस्लिल चित्रण जस्ता कार्यहरुलाई कानुन विरुद्धको कार्यको रुपमा स्वीकार गर्दछन भनि यस धारामा व्यवस्था गरिएको छ |

**धारा २ - परिभाषा**

यस उपलेखले सम्बोधन गर्ने मुख्य ३ प्रकारका हिंसाहरुको परिभाषा यस धारामा गरिएको छ | ती हुन्:

- बालबालिकाको बेचबिखन
- बाल बेस्याबृति
- बालबालिकाको अस्लिल चित्रण

(यसको परिभाषा यस पुस्तक को पृष्ठ १० र ११ मा दिईएको छ)

ओ पि यस सि ले केहि निश्चित प्रकारका हिंसाहरुलाई समेटदछ | अन्य विभिन्न प्रकारका हिंसा एबम दुर्ब्यबहारलाई सम्बोधन गर्न हामी संग अन्य अन्तराष्ट्रिय सम्झौताहरु पनि छन् | ती मध्ये केहि यस पुस्तकको 'अनुसन्धान तथा वकालत' खण्डमा उल्लेख गरिएको छ |

**धारा ३- हिंसाका स्वरूपहरू (प्रकार)**

यस धारामा ती कार्यहरुलाई सुचिकृत गरिएको छ जसलाई सरकारले आफ्नो फौजदारी कानुनमा अपराध (वा कानुन विरुद्धको कार्य) भनि व्यवस्था गर्नु पर्दछ | ती हुन्:

- बालबालिकाको बेचबिखन साथै निम्न प्रयोजनको लागि हुने बेचबिखन
    - बालबालिकाको यौन शोषण
    - बालबालिकाको शारीरिक अंग बिक्रि गर्नु
    - काममा लगाउन बाध्य बनाउनु
- बालबालिकालाई गैर कानुनी रुपमा धर्म पुत्री धर्म पुत्र बनाउनु
- बालबालिकालाई बेस्याबृतिमा लगाउनु र बालबालिका संग बेस्याबृति गर्नु
- बालबालिकाको अस्लिल चित्र (फोटो, भिडियो) बनाउनु, बेच्नु, प्रेषित गर्नु वा सो ग्रहण गर्नु

ओ पि यस सि यस्ता कार्यहरुलाई गम्भीर अपराधको रूपमा लिई यस्ता अपराध गर्ने एबम यस्ता अपराध गर्न सहयोग गर्नेलाई समेत सजाय गर्ने सुनिस्चितता गर्न सरकारलाई आग्रह गर्दछ | कहिलेकाही यस्ता अपराधहरुमा निजि कम्पनीहरु (जस्तै: होटेल, क्लब, रक्सि भट्टी) संग्लग्न हुन्छन | यस कारण ले गर्दा ओ पि यस सि निजि कम्पनीहरुलाई पनि उत्तरदायी बनाउने कुरा सुनिस्चित गर्न सरकारलाई आग्रह गर्दछ |

**धारा ४ देखि ७ सम्म राष्ट्रहरुलाई उनीहरुको कानुन तथा न्याय व्यवस्था संग सम्बन्धित कठिनाईहरुलाई सुधार गर्न आग्रह गरिएको छ |**

**धारा ४- क्षेत्राधिकार**

यस धारामा क्षेत्राधिकारको बारेमा छलफल गरिएको छ | यसको मतलब कोहि व्यक्ति वा कोहि चिज माथि निर्णय वा फैसला गर्ने शक्ति (प्राधिकार) भनि बुझ्नु पर्दछ | यो धारा यसर्थ पनि महत्वपुर्ण छ किनकि यसले बालबालिका बेचबिखन, बाल बेस्याबृति तथा बाल अस्लिल चित्रण जस्ता कार्यबाट कसैले ओ पि यस सि को हनन गरेमा त्यस्ता उपर कानुनी निर्णय वा फैसला गर्ने प्राधिकार को संग रहन्छ भन्ने कुरा प्रस्ट रुपमा उल्लेख गर्न सरकारलाई आग्रह गर्दछ |

यो बिषय चुनौतिपूर्ण तथा जटिल हुन सक्छ |

उदाहरणको लागि: पिडित कुनै एक देशमा बसेको हुन्छ भने दोषी अर्को देशबाट आएको हुन सक्छ | यस्तो अबस्थामा- कुन देशले त्यो अरोपिलाई न्यायको कठघरामा ल्याउने? त्यस्तो देश पिडित बसेको देश हुने कि आरोपित व्यक्तिको देश हुने? दुवै देशहरुमा भिन्न भिन्नै कानुनी व्यवस्था छ भने के हुन्छ?

अथवा कहिलेकाही यस्ता हननका घटना पानी जहाज, हवाई जहाजमा भएको हुन सक्छ त्यस्तो अवस्थामा कुन देश उत्तरदायी हुने भन्ने कुरा प्रस्ट छैन |

धारा ४ ले सरकारहरुलाई उल्लेखित भिन्न भिन्न अवस्थाहरुलाई उनीहरुको कानुनी व्यवस्थाले सुल्झाउने छ र त्यस्तो अपराध देश भित्र भएको खण्डमा, देशमा अभिलेख दर्ता भएको पानी जहाज वा हवाई जहाज भित्र भएको खण्डमा त्यस्ता अपराधहरूलाई उनीहरुको अदालतले सम्बोधन/सुनुवाई गर्न सक्ने कुराको सुनिस्चित गर्न आग्रह गर्दछ |

**धारा ५- सुपुर्दगी**

धारा ५ ले 'सुपुर्दगी' आवस्यक भएको खण्डमा देशहरुले के गर्नु पर्दछ भनि ब्याख्या गर्दछ | कुनै आरोपी (वा अपराधी) लाई न्यायको कठघरामा ल्याउन वा दण्ड सजाय गर्न एक देश बाट अर्को देशमा स्थानान्तरण गरिनुलाई सुपुर्दगी भनिन्छ | यदि कुनै व्यक्ति कुनै  एक देशमा अपराध (जस्तै-बालबालिकालाई यौन दुराचार गर्नु) गर्दछ र सजाय बाट बच्न अर्को देशमा भाग्दछ भने सुपुर्दगी आवस्यक हुन्छ |

सबै देशहरुले सुपुर्दगी सम्बन्धि समस्या निराकरण गर्न अन्तराष्ट्रिय सन्धि सम्झौता गरेका हुँदैनन् | साथै, देशहरुमा आ-आफ्नै कानुनी व्यवस्था हुने र आ-आफ्नै व्यवस्था अनुसार अपराधलाई सम्बोधन गरिने हुँदा सुपुर्दगी कहिलेकाही अलि जटिल एबम झन्झटिलो हुन सक्छ |

ओ पि यस सि ले यस्तै केहि जटिलताहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ | उदाहरण को लागि, यदि देशहरुले सुपुर्दगी सम्बन्धि अन्तराष्ट्रिय सन्धि सम्झौता मा हस्ताक्षर गरेका छैनन् भने पनि यदि दुवै देशहरुले ओ पि यस सि मा हस्ताक्षर गरेका छन् भने ओ पि यस सि अनुसार 'सुपुर्दगी' गर्न सक्दछन |

**धारा ६- कानुनी सहायता तथा सहयोग**

हरेक राष्ट्रको आफ्नै कानुनी व्यवस्था, आफ्नै पुलिस र आफ्नै अदालत हुन्छ | धेरै अपराधीहरु विभिन्न देशमा अपराध गर्छन र विभिन्न देशहरुमा भाग्ने गर्दछन यसर्थ विभिन्न राष्ट्रका निकायहरु बीच आपसी सहकार्य हुनु अत्यन्त जरुरि हुन्छ | तसर्थ धारा ६ अपराध अनुसन्धान गर्न, अपराधीलाई पक्रन, कानुनी दायरामा ल्याउन र सजाय गर्ने सुनिस्चितता को लागि सरकारहरुलाई संयुक्त रुपमा काम गरि एक आपसमा सहयोग गर्न आग्रह गर्दछ|

**धारा ७- सामान तथा पैसा जफत गर्ने**

कहिलेकाही अपराधिहरुसंग फ्ल्याट/अपार्टमेन्ट, मोटर गाडी, कम्प्युटर, हात हतियार र अन्य सामानहरु हुन्छन जुन उनीहरुले अपराध गर्न प्रयोग गर्दछन | उनिहरुसंग अपराध गरि कमाएको धेरै धन/पैसा पनि हुन्छ |

धारा ७ ले राष्ट्रहरुलाई त्यस्ता सामानहरु र पैसा जफत गर्ने कुरा सुनिस्चित गर्न आग्रह गर्दछ |

धारा ७ ले सरकारहरुलाई बालबालिका विरुद्ध हुने यस्ता अपराध गर्न प्रयोग भएका ठाउँ वा थलो  (place and  location) बन्द गर्न आग्रह गर्दछ |

**धारा ८ देखि ११ ले संरक्षण, रोकथाम तथा सहयोग सम्बन्धि विषयलाई सम्बोधन गर्दछ |**

**धारा ८- पिडित बालबालिकाको अधिकार**

यो धारा अत्यन्तै महत्वपूर्ण छ किनकि यसले ओ पि यस सि मा समेटिएको कुनै पनि अपराध बाट पिडित बालबालिकाको हक अधिकार तथा बालबालिकाको उच्चतम हित लाई ख्याल गर्दछ | धारा ८ ले न्याय तथा कानुनको समग्र प्रक्रियामा राष्ट्रले पिडित बालबालिकाको अधिकार तथा हित संरक्षण कसरि गर्नु पर्दछ भनि ब्याख्या गरेको छ |

**तल उल्लेखित लगायतका कामहरु गर्नु पर्दछ:**

- पिडित बालबालिकाका बिशेष आवस्यकता का खातिर कानुनी कार्यविधि बाल संबेदनसिल हुने सुनिस्चित गर्नु पर्दछ | अदालती प्रक्रियामा संलग्न हुनुपर्ने अवस्था बालबालिकाको निमित्त कति डरलाग्दो र गम्भीर हुन्छ भन्ने कुरालाई गम्भीरता पुर्बक लिनु पर्दछ | उदाहरण को लागि- बालबालिकालाई उनीहरुले सामना गरेको घटनाको बर्णन गर्न एउटा राम्रो र बालमैत्री कोठाको व्यवस्था सम्बन्धित निकायले गर्नु पर्दछ | बालबालिकाको बयानलाई श्रब्य दृश्य को माध्यममा रेकर्ड गर्ने व्यवस्था गर्न सकिन्छ जसले गर्दा बालबालिकाले पुन: आफ्ना बारेमा पटक पटक बयान दिनु नपरोस अथवा कसुरदार पनि संगै वा एकै कोठामा भएको अवस्थामा सोहि कुरा पुन: भन्नु नपरोस |
- पिडित बालबालिकाका लाई आफ्नो अधिकारको बारेमा साथै आफ्नो मुद्दामा के कसो भैरहेको छ भन्ने सम्पूर्ण कुराको जानकारी रहेको कुरा सुनिस्चित गर्नु पर्दछ |
- पिडित बालबालिका का आवाज वा सरोकारका बिषय सुनिने तथा त्यसलाई प्रक्रियामा सम्बोधन गर्ने कुरा सुनिस्चित गर्नु पर्दछ |
- पिडित बालबालिकालाई समग्र कानुनी प्रक्रियामा सहयोग गर्नु पर्दछ |
- पिडित बालबालिकाको पहिचान तथा गोपनियताको संरक्षण गरिने सुनिस्चितता गर्नु पर्दछ | (उदाहरण को लागि- बालबालिकाको नाम तथा तस्बिर पत्र पत्रिका तथा टेलीभिजन मा प्रकाशित नगर्ने कुरा सुनिस्चित हुनु पर्दछ) |
- पिडित बालबालिका, उनीहरुका परिवार, र अन्य साक्षी संरक्षण गर्ने र उनीहरुलाई आफ्नो घटना विवरण भन्ने कुरा रोक्न वा सम्बन्धित निकाय समक्ष नभन्न विभिन्न किसिमले डर पैदा गर्ने वा नोक्सानी पुर्याउन सक्ने अन्य व्यक्तिहरु बाट सुरक्षित राख्नु पर्दछ |

- कानुनी तथा न्यायिक कार्यविधि प्रक्रिया लामो समय नलाग्ने कुराको सुनिस्चितता गर्ने |
- अपराधको रोकथाम, बालबालिकाको संरक्षण र  पिडित बालबालिकालाई समस्या मुक्त बनाउन र पुनर्ताजगी गर्न (healing and recovery)  सहयोग गर्ने व्यक्ति तथा संघ संस्थाहरुको सुरक्षाको प्रत्याभूति गर्ने |
- पिडित बालबालिकासंग काम गर्ने मानिसहरुलाई तालिम दिईने कुराको सुनिस्चितता गर्ने | (जस्तै- प्रहरी अधिकारीहरु, वकिलहरू, सामाजिक कार्यकर्ताहरु, न्यायाधिसहरु लगायत अन्य)

**धारा ९- रोकथाम तथा समस्या मुक्त बनाउने**

धारा ९ ले नोक्सानीलाई रोकथाम गर्ने तथा पिडित बालबालिकालाई समस्या मुक्त बनाउने र पुनर्ताजगी गर्ने सम्बन्धि कार्यहरुको बारेमा ब्याख्या गरेको छ |

ओ पि यस सि ले बालबालिकाको बेचबिखन, बाल बेस्याबृति तथा बालबालिकाको अस्लिल चित्रण जस्ता कार्यहरुलाई रोकथाम गर्न कानुन, नीति, तथा कार्यक्रमहरुको निर्माण गर्न सरकारहरुलाई आग्रह गर्दछ | केहि बालबालिकाहरु अन्य सामान्य अवस्थामा रहेका बालबालिकाहरु भन्दा बढी जोखिममा रहेका हुन्छन, यसरि बढी जोखिमको अवस्थामा रहेका बालबालिकाहरुलाई बिशेष ध्यान दिन ओ पि यस सि राष्ट्रहरुलाई अनुरोध गर्दछ |

ओ पि यस सि बालबालिका तथा बयशक दुबैलाई यी अपराधहरुको बारेमा जानकारी र यस्ता अपराध रोकथाम गर्न अपनाउनु पर्ने उपाय एबम कार्यहरु बारे जानकारी दिन साथै आवस्यक पर्दा बालबालिकाले सहयोग प्राप्त गर्ने तथा बालबालिकालाई सुरक्षित राख्ने कुरा सुनिस्चित गर्न सरकारहरुलाई आग्रह गर्दछ | सरकारले आफुले गर्न सक्ने विभिन्न क्रियाकलाप जस्तै सूचना /जनचेतना अभियान, शिक्षा एबम तालिम मार्फत आम सचेतना जगाउनु पर्दछ | सरकारले यी सूचना अभियान, शिक्षा एबम तालिम जस्ता कार्यक्रमहरुमा समुदायको सहभागिता खासगरी बालबालिकाको सहभागिताको लागि सहयोग गर्नु पर्दछ | उनीहरुले बालबालिका विरुद्ध हुने यस्ता अपराधहरूलाई सघाउ पुग्ने तथा प्रोत्साहित गर्ने कुनै पनि प्रकारको सामग्रीलाई प्रतिबन्ध गर्नु पर्दछ |

धारा ९ ले पिडित बालबालिकाको अधिकारको पनि व्यवस्था गरेको छ | यस अनुसार पिडित बालबालिकालाई सहयोग तथा सहारा प्राप्त गर्ने अधिकार हुनेछ | यस अन्तर्गत उनीहरुको शारीरिक,

मनोबैज्ञानिक, मानसिक, तथा भावनात्मक समस्या बाट मुक्त बनाउने र पुनर्ताजगी गर्ने सहयोगहरु हुनेछन | यसमा सुरक्षित तथा खुसियुक्त भबिस्य का निमित्त अगाडिको बाटो तय गर्ने सहयोग पनि समाबेस हुनेछ |

यस धारा अनुसार पिडित बालबालिकालाई 'कानुनी रुपमा उत्तरदायी पक्ष बाट नोक्सानीको क्षतिपूर्ति' प्राप्त गर्ने अधिकार हुनेछ | यसको मतलब पिडित बालबालिका क्षतिपूर्ति प्राप्त गर्नको निमित्त आफुमाथि अपराध गर्ने जोसुकै बिरुद्ध कानुनी प्रक्रिया अगाडी बढाऊन तथा क्षतिको क्षतिपूर्ति (पैसा, अस्पताल हेरचाह वा अन्य फाइदाहरु) प्राप्त गर्न सक्षम हुनेछन |

**धारा १०- समन्वय तथा अन्तराष्ट्रिय सहयोग**

धारा १० ले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा संगसंगै काम गर्नुको महत्वलाई प्रकाश पारेको छ |

राष्ट्रिय तहमा - सरकारी निकाय तथा सेवा, सांसदहरु, बाल वकालतकर्ताहरु, नागरिक समाज, तथा ब्यबसायहरु- लगायत त्यस्ता धैरै संघ संस्थाहरु कार्यरत छन् जसले बालबालिका विरुद्ध हुने हिंसा उन्मुलन को लागि सहयोग गर्न सक्दछन | यी सबै प्रयत्नहरुको आपसी समन्वय अत्यन्तै महत्वपूर्ण हुन्छ जसले बालबालिका विरुद्ध हुने हिंसा तथा दुर्ब्यबहार रोकथाम गर्न र उनिहरुको हितको लागि सकेसम्म उच्चतम नतिजा प्राप्त गर्न सक्दछन |

अन्तराष्ट्रिय तहमा राष्ट्रहरुले तपशिलका कार्य गर्न उपलब्ध सबै अवसरहरुको प्रयोग गर्नु पर्दछः

- बालबालिका विरुद्ध हुने हिंसा रोकथामलाई सबलीकरण गर्ने |
- अपराधीहरुलाई न्यायको कठघरामा ल्याउने र सजाय गर्ने |
- बालबालिकाको संरक्षण को सुनिस्चितता गर्ने
- पिडित बालबालिकालाई समस्या बाट मुक्त गर्न र खुसि युक्त जीवनको लागि सकेसम्म उत्कृस्ट अबसरहरु उपलब्ध गराउने |

धारा १० ले यी अपराधहरुको मिहिन कारणहरुलाई सम्बोधन गर्न आग्रह गर्दछ (जस्तैः गरिबी, विभेद, शशस्त्र द्वन्द)| राष्ट्रहरुलाई शान्तिपूर्ण तथा शिष्ट समाजको निर्माण गर्न आपसी रुपमा काम गर्न आवहान गरेको छ | आर्थिक तथा अन्य आवस्यक सहायता गर्न सक्ने राष्ट्रहरुलाई अरु राष्ट्रहरुमा आवस्यक सहयोग गर्न आमन्त्रण गरेको छ |

**धारा ११ - सधै बालबालिकाको निमित्त उत्कृस्ट कानुन लागु गर्नुपर्छ**

अन्तरास्ट्रिय सम्झौताहरु राष्ट्रहरुले गरेको छलफल को नतिजा हो | त्यसमा राष्ट्रहरुले कार्यान्वयन गर्न गरेको प्रतिज्ञाहरु समाबेस हुन्छन | तर कहिलेकाही राष्ट्रिय कानुनमा राम्रा समाधानका तरिका वा बिधि समाबेस हुन्छन; त्यस्तो अवस्थामा ओ पि यस सि ले राष्ट्रहरुलाई सधै बालबालिकाको निमित्त उत्कृस्ट कार्यहरु लागु गर्नु पर्ने कुरा गर्दछ |

**धारा १२ देखि १७ ले प्राबिधिक पक्षलाई सम्बोधन गर्दछ जुन अन्तरास्ट्रिय सम्झौताहरुको अत्यन्त महत्वपुर्ण पक्ष हुन्छ**

**धारा १२ - प्रतिबेदन सम्बन्धि**

राष्ट्रहरुले आफुले गरेको प्रतिज्ञा बिर्सनु हुदैन र सधै बालबालिकाको अवस्थाको बारेमा विचार गर्नु पर्दछ | यसर्थ, ओ पि यस सि प्रत्येक राष्ट्रलाई उसले गरेको प्रतिज्ञा तथा प्रतिबद्दताहरुको सम्मान तथा कार्यान्वयन गर्न चालेका कदमहरुको बारेमा ब्याख्या (वा प्रतिबेदन पेस गर्न) गर्न आग्रह गर्दछ | केहि बर्षको अन्तरमा यसको जानकारी एक प्रतिबेदनको रुपमा संकलन गरिन्छ र बाल अधिकार समितिमा पेस गरिन्छ |

**राष्ट्रले बाल अधिकार समितिमा पेस गरेका प्रतिबेदनहरु यस लिंकमा पाउन सकिन्छ:**

http://www.unhcr.org/refworld/publisher,CRC,STATEPARTIESREP,,,0.html

**धारा १३ देखि १७**

ओ पि यस सि को यस अन्तिम भागमा यस अन्तराष्ट्रिय सम्झौताको अन्य प्राबिधिक पक्षलाई सम्बोधन गरिएको छ | त्यसमा ओ पि यस सि मा हस्ताक्षर तथा अनुमोदन गर्ने राष्ट्रहरुलाई सल्लाह दिने र यस सम्झौतालाई राष्ट्रहरुले त्याग्ने वा परिवर्तनको गर्नको लागि प्रस्ताब गर्ने सम्बन्धि व्यवस्था गरिएको छ |

**बालअधिकार सम्बन्धि समिति**

बालअधिकार सम्बन्धि समिति १८ जना अन्तराष्ट्रिय ख्याती प्राप्त बालअधिकार विज्ञहरुको एक समुह हो जसले सरकार वा राष्ट्रले अनुमोदन गरेका बालअधिकार सम्बन्धि महासन्धि र यसका उपलेखहरुमा व्यवस्था भएबमोजीम सरकारले गरेका प्रतिबद्दताहरु कसरी सम्मान तथा कार्यान्वयन गरिरहेका छन् भनेर अनुगमन गर्ने काम गर्दछन |

## आफ्नो ज्ञान परिक्षण गर्नुहोस

**बहु छनौट प्रश्नहरु**
**तलका प्रत्येक प्रश्नहरुको सहि जबाफमा चिन्ह लगाउनुहोस**

**१. ओ पि यस सि कुन मिति देखि लागु भएको हो?**

क. १९ जनवरी २००१

ख. १८ जनवरी २००२

ग. १८ डिसेम्बर २००१

घ. १८ डिसेम्बर २००२

**२. ओ पि यस सि तल उल्लेखित अवस्थालाई गैर कानुनी ठहर गर्दछ:**

क. बाल अस्लिल चित्रण

ख. बालबालिकाको बेचबिखन

ग. बाल बेस्याबृति

घ. माथिका सबै

**३. सुपुर्दगी भन्नाले:**

क. कोहि वा कसै माथि कानुनी निर्णय वा फैसला गर्न सक्ने प्राधिकार

ख. पिडित बालबालिकाको बिशेष आवस्यकता प्रति संबेदनसिल कानुनी कार्यविधि सुनिस्चित गर्नु

ग. एक देशको सरकारले कोहि कसैलाई फौजदारी न्यायको कठघरामा ल्याउन वा दण्ड सजाय गर्न अर्को देशमा हस्तान्तरण गर्नु

घ. माथिका कुनै पनि होइनन

**४. आज सन् २०१३ सम्म बाल अधिकार महासन्धिका कति वटा ऐच्छिक उपलेखहरु छन्?**

क. १ ऐच्छिक उपलेख

ख. २ ऐच्छिक उपलेखहरु

ग. ३ ऐच्छिक उपलेखहरु

घ. एउटा पनि ऐच्छिक उपलेख छैन

## सहि वा गलत प्रश्नहरु

**तलका टिप्पणीहरु सहि छन् वा गलत छन् दाया कोष्ठमा चिन्ह लगाउनुहोस**

| | | |
|---|---|---|
| १. | ओ पि यस सि मा व्यवस्था भएका अपराधहरुको नोक्सानपूर्ण असरहरुको बारेमा पिडित बालबालिका, उनीहरुका परिवार, र बृहत समुदायलाई शिक्षित गर्न सहयोग गर्न सरकारको कुनै भूमिका हुदैन \| | सहि वा गलत |
| २. | पिडित बालबालिकालाई आफूमाथि भएको 'नोक्सानीको सम्बन्धित उत्तरदायी पक्ष बाट क्षतिपूर्ति भराउने अधिकार' हुन्छ \| | सहि वा गलत |
| ३. | प्रत्येक बालबालिकाको बेचबिखन अन्तर्गत 'ओसारपसार' पनि पर्दछ \| | सहि वा गलत |
| ४. | ओ पि यस सि अन्तर्गतका अपराध गर्ने मानिसहरुलाई कानुन तथा न्यायको दायरामा ल्याउन सरकारहरु एक आपसमा सहयोग आदानप्रदान गर्दछन \| | सहि वा गलत |
| ५. | बाल अधिकार समिति ७५ जना अन्तराष्ट्रिय बालअधिकार विज्ञहरुको समूह हो \| | सहि वा गलत |
| ६. | अदालतमा बालबालिकाको लागि मात्र एउटा राम्रो र बालमैत्री कोठाको व्यवस्था गर्नु पर्दछ अथवा बालबालिकाको बयानलाई श्रब्य दृश्य को माध्यममा रेकर्ड गर्ने व्यवस्था गर्नु पर्दछ जसले गर्दा बालबालिकाले कसुरदार संग सम्पर्कमा रहनु नपरोस \| | सहि वा गलत |
| ७. | देशहरु बीच एक आपसमा सुपुर्दगी सम्बन्धि सन्धि सम्झौता भएको छैन भने पनि यदि दुवै देशहरुले ओ पि यस सि मा हस्ताक्षर गरेका छन् भने ओ पि यस सि अनुसार कसुरदारलाई सुपुर्दगी गर्न सक्दछन \| | सहि वा गलत |
| ८. | पिडित बालबालिका संलग्न कानुनी प्रक्रिया सधै लामो हुनु पर्दछ \| | सहि वा गलत |

# गज्यांग मज्यांग शब्दहरु

हरेक बाक्य को अन्तमा अक्षर गज्यांग मज्यांग भएको शब्द छ त्यसलाई सुद्ध शब्द बनाएर बाक्य पुरा गर्नुहोस |

**उदाहरण**

राष्ट्र संघ ले कानुन निर्माण गर्दैन र यो बिश्वको .......................होइन | **(काररस)**

राष्ट्र संघ ले कानुन निर्माण गर्दैन र यो बिश्वको **सरकार** होइन |

१. बाल............................गैर कानुनी हो | **(तिबेबृस्या)**

२. दुर्भाग्यबस............................मा धेरै बाल अस्लिल चित्रण रहेको छ | **(नेइरटन्ट)**

३. ....................बालबालिकालाई फौजदारी कार्यविधि को समग्र प्रक्रियामा संरक्षण गरिनु पर्दछ | **(तपिडि)**

४. कहिलेकाही बालबालिकालाई यौन ...................को प्रयोजनको लागि बेच्ने गरिन्छ | **(णषशो)**

५. **......................**जगायो भने ओ पि यस सि मा समाबेस भएका अपराधहरुलाई रोकथाम गर्न मद्दत हुनेछ | **(नाचेत)**

# शब्द खोज

**हेर्नुहोस त ! तपाई कोष्ठमा भएका शब्दहरु पत्ता लगाउन सक्नुहुन्छ कि?**

**कृपया ख्याल गर्नुहोस कि शब्दहरु दाया, बाया, तल, माथि, र तेर्सो रुपमा रहेका हुन सक्छन**

- ओ पि यस सि
- बालबालिका
- बेचबिखन
- संरक्षण
- सुपुर्दगी
- **शोषण**
- पिडित
- बेचिएको
- अधिकार

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ओ | त्र | ई | प | ट्र | न | प | न | श | त्र |
| पि | उ | न | ह | ख | क्ष | उ | ब | ग | ल |
| यस | ज्ञ | प | बि | त्र | बा | ल | बा | लि | का |
| सि | न्त्र | च | रि | स | मो | स | र | ई | ज्ञ |
| प | बे | ल | न्त | नु | प | सं | य | न्त्र | न |
| ट | र | त | अ | धि | का | र | ध | क | छ |
| ने | मि | उ | डि | प | ज्ञ | क्ष | क्ष | बे | सु |
| र | र | **ण** | ठ | पि | जु | ण | चि | म | पु |
| न्ट | मि | **ष** | र | उ | प | ए | ख | स | र्द |
| इ | ख | **शो** | क्ष | प | को | स | ध | क | गी |

**तपाई के सोच्नु हुन्छ? तल उल्लेखित प्रश्नहरु ख्याल गर्नुहोस:**

१. बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेख कत्तिको उपयोगी छ? कृपया तपाई किन यस्तो अनुभव गर्नु हुन्छ ब्याख्या गर्नुहोस |

२. मानिसहरुलाई बाल अधिकारवारे धैरै कुराहरु बुझ्न ओ पि यस सि ले कसरि सहयोग गर्दछ?

३. ओ पि यस सि सम्बन्धमा त्यस्तो कुनै समस्या छ? तपाइलाई के लाग्छ ब्याख्या गर्नुहोस |

४. ओ पि यस सि सम्बन्धि तपाई संग अन्य प्रश्नहरु छन्?

कृपया प्रश्नहरु लेख्नुहोस र आफुलाई विश्वास लागेको मानिस र आफ्नो प्रश्नको जवाफ खोज्न सहयोग गर्ने मानिस संग कुरा गर्नुहोस |

५. ओ पि यस सि वारे धैरै जान्न चाहने कोहि चिन्नु हुन्छ र उनीहरुलाई तपाई कसरि सहयोग गर्न सक्नु हुन्छ?

## अनुसन्धान तथा वकालत

**बालबालिका विरूद्ध हुने हिंसा सम्वन्धी संयुक्त राष्ट्र संघिय महासचिवका विशेष प्रतिनिधि**

विशेष प्रतिनिधि बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा विश्वबाटै उन्मुलन गर्न संसारभर कार्य परिचालन तथा राजनैतिक प्रतिवद्धता र सहयोगका लागि काम गर्ने एक स्वतन्त्र वकालतकर्ता हुनु हुन्छ । http://srsg.violenceagainstchildren.org/

### ओ पि यस सि

बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण (ओ पि यस सि) सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेखको पूर्ण तथा आधिकारिक दस्ताबेज यस लिंकमा उपलब्ध छ: http://www2.ohchr.org/english/law/crc-sale.htm

### ओ पि यस सि अनुमोदन

ओ पि यस सि अनुमोदन सम्बन्धि धैरै जानकारी तथा तपाइको सरकारले अनुमोदन गरे नगरेको जान्नको लागि कृपया यस लिंकमा जानुहोस: http://treaties.un.org/Pages?ViewDetails.aspx?src=TREATY&mtdsg_no=IV-11-c&chapter=4&lang=en

**बालबालिका तथा किसोर किसोरी का लागि संचार कार्यविधि सम्बन्धि बाल अधिकार महासन्धिको ऐच्छिक उपलेख**

यस लिंकमा उपलब्ध छ: http://srsg.violenceagainstchildren.org/

**"..........भनेको के हो" सूचना सामग्री**

हामीसंग What is... ("..........भनेको के हो") भन्ने किताब छ | बालबालिका तथा किसोरकिसोरीको लागि संयुक्त राष्ट्र संघ को बारेमा विभिन्न जानकारी दिनको लागि १० वटा सूचना सामग्री निर्माण गरिएको छ | जस्तै:

* संयुक्त राष्ट्र संघ भनेको के हो?
* संयुक्त राष्ट्र संघिय महासभा भनेको के हो?
* सुरक्षा परिषद भनेको के हो?
* मानव अधिकार परिषद भनेको के हो?
* सन्धि तथा महासन्धि भनेको के हो?
* बाल सहभागिता भनेको के हो?
* विशेष प्रतिनिधि भनेको के हो?
* ओम्निबुस प्रस्ताब भनेको के हो?
* सि आर सि को संचार वा उजुरी कार्यविधि भनेको के हो?
* संयुक्त राष्ट्र संघिय बाल अधिकार सम्बन्धि महासन्धि भनेको के हो?

यस सम्बन्धि पूर्ण जानकारीको लागि यस लिंक मा जानुहोस र खोज कोष्ठमा के हो (what is....) भन्ने लेख्नुहोस तपाइले सबै १० सामग्री प्राप्त गर्नु हुनेछ |
http://resourcecentre.savethechildren.se/content/library

**इ सि पि ए टि इन्टरनेसनल (ECPAT International)**

धेरै जानकारीको लागि यस लिंक मा जानुहोस: www.ecpat.net

**ओ पि यस सि सम्बन्धि हाते पुस्तिका**

ओ पि यस सि बारेमा अझ राम्रो संग बुझ्नको लागि अर्को श्रोत सामग्री: युनिसेफ, बालबालिका बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अस्लिल चित्रण सम्बन्धि ऐच्छिक उपलेख सम्बन्धि हाते पुस्तिका, युनिसेफ: इनोचेन्ति रिसर्च सेन्टर, फेब्रुअरी २००९. ISBN: ९७८-८८-८९१२९-८५-२

http://www.unicef-irc.org/publications/pdf/optional_protocol_eng.pdf

**बाल अधिकार सम्बन्धि महासन्धि (सि आर सि)**

बाल अधिकार सम्बन्धि महासन्धि र तपाइको अधिकार सम्बन्धि पूर्ण जानकारीको लागि माथि उल्लेखित श्रोत सामग्री हेर्नुहोस अथवा यस लिंकमा गएर तपाइले विभिन्न ५८ भाषामा बाल अधिकार सम्बन्धि महासन्धि पढ्न सक्नु हुन्छ | http://www.unicef.org/magic/briefing/uncorc.html

*यस वेब लिंकमा आधिकारिक दस्ताबेज तथा बालमैत्री प्रति पनि संग्लन छ |*

**बालबालिका बिरुद्ध हुने हिंसा अन्त गर्नको लागि यो मार्ग निर्देशन अबलम्बन गरौ**

बालबालिका तथा किसोर किसोरीले भोगेका हिंसाहरु तथा बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसाको रोकथाम तथा अन्त गर्न राष्ट्रहरुको लागि सुझाबहरु र सिफारिस सहितको संयुक्त राष्ट्र संघिय अध्ययनको बारेमा यस पुस्तकले प्रकाश पर्दछ | यस पुस्तकले उक्त सुझाबहरुको कार्यन्वयन तथा अनुगमनको बारेमा पनि प्रकाश पर्दछ | वेब लिंक:
http://resourcecentre.savethechildren.se/content/library/documents/let-us-follow-road-map-end-violence-against-children

## तल उल्लेखित स्रोत सामाग्रीहरु यस वेब लिंकमा प्राप्त गर्न सकिन्छ:

http://resourcecentre.savethechildren.se/content/library

**एक कदम अगाडी-बालबालिका तथा किसोर किसोरीका लागि वकालत सम्बन्धि हाते पुस्तिका**

यदि तपाई बालबालिका विरुद्ध हुने हिंसा अन्त गर्नकालागी कुनै अनुसन्धान तथा बृस्तित वकालत योजना तयार पार्दै हुनुहुन्छ भने यो पुस्तक पढ्नुहोस | यसले परिवर्तनको लागि तपाइको कार्य योजना संयोजन गर्न मद्दत गर्दछ |

**आफु वच र मलाई बचाऊ**

७ देखि १२ बर्षका किसोर किसोरीकालागि संसारभरि बालबालिकाले भोगेका विभिन्न प्रकारका हिंसा सम्बन्धि बुझाउने पुस्तिका हो यसले उनीहरुलाई आफु कसरि हिंसा बाट बच्ने भन्ने केहि उपायहरुबारे जानकारी दिन्छ |

**तिमि र म बराबर**

यस पुस्तकले भेदभाव, यो कसरि हुन्छ र यसले बालबालिकालाई कसरि प्रभाव पार्दछ भन्ने विषयमा जानकारी प्रदान गर्दछ |

**तिमि र म सहभागी बनौं**

समाज र जीवनका हरेक पहलुमा १८ वर्ष भन्दा मुनिका बालबालिका तथा किसोर किसोरिलाई बाल सहभागिता को बारेमा बुझाउन अभिप्रेरित गर्ने यो पुस्तकको उद्देस्य हो | साथै राष्ट्रिय तथा स्थानीय सरकारले बाल सहभागिताको अधिकार सुनिस्चित गर्न के गरिरहेको छ भनेर जानकारी दिनु पनि हो |

**हिंसा बाट संरक्षण प्राप्त गर्ने हाम्रो अधिकार हो: बालबालिका तथा किसोर किसोरिका लागि सिक्ने तथा कार्य आरम्भ गर्ने तरिकाहरु**

यस पुस्तकले बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघिय अध्ययनको बारेमा बृस्तित जानकारी प्रदान गर्दछ | यसमा विभिन्न कार्य सुचीहरु उल्लेख गरिएको छ जसले बालबालिका बिरुद्ध हुने हिंसाको बारेमा बुझाउन र तपाइलाई विभिन्न कार्य आरम्भ गर्ने तरिकाहरु प्रदान गर्दछ |

**बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धि संयुक्त राष्ट्र संघिय महासचिवको अध्ययन: बालबालिकाको लागि तयार गरिएको**

संयुक्त राष्ट्र संघिय अध्ययन प्रतिबेदन तथा सुझावहरुको बालमैत्री सारंश- यसमा प्रतिबेदन अध्ययन गर्दा अथवा बालबालिका विरुद्ध हुने हिंसाको कुरा गर्दा आउने भाषा तथा शब्दहरुको उपयोगी शब्द भण्डारको व्यवस्था छ जसमा सजिलोको लागि त्यस्ता शब्दहरुको अर्थ तथा ब्याख्या गरिएको छ |

**बालबालिका विरुद्ध हुने हिंसा सम्बन्धि विश्व प्रतिबेदन**

बालबालिका विरुद्ध हुने हिंसा को कारण तथा असरहरुको बारेमा ब्याख्या गरिएको ३६४ पाना भएको बृस्तृत प्रतिबेदन हो | यसमा बालबालिका विरुद्ध घर तथा परिवारमा, कार्य स्थलमा, स्कूल/पाठशालाहरुमा, हेरचाह केन्द्र, न्याय प्रणाली र समुदायमा हुने हिंसाको बारेमा बृस्तृत विवरण प्रदान गर्दछ |

## आफ्नो ज्ञान परिक्षण सम्बन्धि अध्यायको उत्तरहरु:

**बहु छनौट प्रश्नहरु**

**शब्द खोज**

१. उत्तर हो **ख**

२. उत्तर हो **घ**

३. उत्तर हो **ग**

४. उत्तर हो **ग**

**सहि वा गलत**

१. गलत

२. सहि

३. गलत

४. सहि

५. गलत

६. सहि

७. सहि

८. गलत

**गज्यांग मज्यांग शब्दहरु**

१. बेस्याबृति

२. इन्टरनेट

३. पिडित

४. शोषण

५. चेतना

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **ओ** | त्र | ई | प | ट्र | **न** | प | न | श | त्र |
| **पि** | उ | न | ह | **ख** | क्ष | उ | ब | ग | ल |
| **यस** | ज्ञ | प | **बि** | त्र | **बा** | **ल** | **बा** | **लि** | **का** |
| **सि** | न्त्र | **च** | रि | स | मो | स | र | ई | ज्ञ |
| प | **बे** | ल | न्त | नु | प | **सं** | य | न्त्र | न |
| **ट** | र | **त** | **अ** | **धि** | **का** | **र** | ध | क | छ |
| **ने** | मि | उ | **डि** | प | ज्ञ | **क्ष** | क्ष | **बे** | **सु** |
| **र** | र | **ण** | ठ | **पि** | जु | **ण** | **चि** | म | **पु** |
| **न्ट** | मि | **ष** | र | उ | प | **ए** | ख | स | **र्द** |
| **इ** | ख | **शो** | क्ष | प | **को** | स | ध | क | **गी** |

## नोट / टिप्पणी

बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी राष्ट्र संघिय महासचिवका विशेष प्रतिनिधि बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा विश्वबाटै उन्मुलन गर्न संसारभर कार्य परिचालन तथा राजनैतिक प्रतिवद्धता र सहयोगका लागि काम गर्ने एक स्वतन्त्र वकालतकता हुनु हुन्छ। विशेष प्रतिनिधिको आज्ञापत्र (mandate) राष्ट्रसंघिय अध्ययनको सुझाव अुनसार बालबालिका सम्बन्धी महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजमा आधारित रहेको छ।


बालबालिका विरूद्ध हुने हिंसा सम्बन्धी स.रा.सं महासचिवका विशेष प्रतिनिधिको कार्यालय

६३३- तेस्रो एभेन्यु, छैठौं तल्ला

न्यूयोर्क, १००१७, फोनः +१ २१२-८२४-६३२२

www.srsg.violenceagainstchildren.org

www.facebook.com/martasantospaispage

www.twitter/srsgvac

www.youtube.com/srsgvac